# वीरगंज महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

आदर्शनगर वीरगंज, पर्सा

मधेश प्रदेश, नेपाल

२०७४

सूचना ।                    सूचना ॥                    सूचना ॥।

**अस्पताल लगायत अन्य स्वास्थ्य संस्थाहरुले प्रदान गरिने स्वास्थ्य सेवाहरुलाई प्रभावकारी बनाउने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७, परिच्छेद २४, दफा ७० (घ) एवम् वीरगंज महानगरपालिकाको स्वास्थ्य संस्था दर्ता अनुमति तथा नविकरण सम्बन्धि निर्देशिका,२०७५ को परिच्छेद ३, बुंदा नं. १५ को (१) (ध) बमोजिम अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको दश प्रतिशत शैया छुट्याई निःशुल्क उपचार गर्नु पर्ने अनिवार्य व्यवस्था रहेको छ । साथै स्थानिय सरकार संचालन ऐन २०७४ दफा ११ (४) ख २ मा स्वास्थ्य संस्थाको नियमन गर्ने कानुनी अधिकार समेत स्थानिय तहलाई रहेको छ । सूचना अनुसार उल्लेखित विषयका अतिरिक्त लक्षित वर्गले निःशुल्क सेवा लिएका व्यक्तिहरुको दैनिक विवरण सुचना पार्टीमा टाँस गर्ने तथा सोको प्रतिवेदन मासिक रुपमा यस कार्यालयको जन स्वास्थ्य प्रवर्द्धन शाखामा उपलब्ध गराउनु हुन साथै अस्पताल लगायत अन्य स्वास्थ्य संस्थाहरुबाट सो कार्य नभएको नगरेको पाईएमा वीरगंज महानगरपालिकाबाट नियमानुसार कारवाही भई जाने व्यहोरा सम्बन्धित सबै स्वास्थ्य संस्थाहरुलाई यो सूचना द्वारा जानकारी गराईन्छ ।

२०८०।२।१८

प्रमुख प्रशासकिय अधिकृत